# आ.व. २०७०/०७१ का योजना तथा कार्यक्रमका वार्षिक प्रगति समीक्षा गोष्ठिको प्रतिवेदनबाट तयार गरिएको सारांश

जिल्ला विकास समितिको कार्यालय इलामको आर्थिक वर्ष २०७०/०७१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम बमोजिम जिल्ला स्तरीय विषयगत कार्यालय,गैरसरकारी संस्था तथा गाउं विकास समितिहरुबाट विकास निर्माण लगायत विविध कार्यक्रमहरुको वार्षिक समीक्षा बैठक २७-२९ साउन,२०७१ मा पेश भएका प्रगति प्रतिवेदनमा राजनैतिकदलका प्रमुख/प्रतिनिधि,नागरिक समाजका प्रतिनिधि,सञ्चारकर्मी साथै सरोकावालाहरु बीच भएका छलफल तथा प्रस्ततीकरण गरिएका कार्यालयहरुले आगामी आर्थिक वर्षमा सञ्चालन हुने विकास निर्माण लगायत अन्य कार्यक्रमहरुबाट प्राप्त प्रतिक्रिया र सुझावलाई क्षेत्रगतरुपमा निम्नानुसार सारांश तयार गरिएको छ ।

## मिति २०७१ साउन २७ : गैरसरकारी संस्थाहरुको वार्षिक समीक्षा बैठक

उपस्थिति विवरण :

| पुरुष | महिला | आदीवासी | दलित | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| ५९ | १५ | १६ | ५ | ५८ | ७९ |

इलाम जिल्लाका लागि आर्थिक वर्ष २०७०/०७१ मा स्वीकृत वार्षिक जिल्ला विकास योजना बमोजिम गैरसरकारी संस्थाहरु मार्फत इलाम जिल्लामा सञ्चालिन भएका विकास निर्माण लगायत विभिन्न कार्यक्रमहरुको सम्वन्धित गैरसरकारी संस्थाहरुबाट प्रस्तुत प्रगति विवरणको सम्वन्धमा छलफल भई आगामी वर्षहरुमा सञ्चालन हुने कार्यक्रमहरुलाई देहाय बमोजिम सञ्चालन गर्ने सुझाब सहित समीक्षा गरियो ।

१. इलाम जिल्लामा कार्यक्रम सञ्चालन गर्ने सबै गैरसरकारी संस्थाहरुले जिल्ला विकास समितिको जिल्ला परिषद् बैठकमा आ-आफ्नो कार्यक्रम समावेश गरी पारित गरिएका विकास निर्माण लगायत अन्य कार्यक्रमहरुको सञ्चालन गर्ने र संचालन गरिएका विकास निर्माण लगायत अन्य कार्यक्रमहरुको पारदर्शिताका लागि प्रभावकारी अनुगमनको व्यवस्था मिलाउने ॥

२. इलाम जिल्लामा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु जुन गाविस/न.पा.क्षेत्रमा सञ्चालन गरिने हो सोही गाविस/नपाको परिषद् बैठकमा समावेश गरी पारित गराई जिल्ला परिषद्बैठकमा पेश गर्ने साथै ति योजना तथा कार्यक्रमहरु जिल्ला परिषद्मा पेश हुनु अगावै सरोकारवालाहरुसंग छलफल गराउनु पर्ने ।

३. गैरसरकारी संस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुलाई सबै गाविस तथा नपामा पुग्ने गरी विस्तार गर्नु पर्ने ॥

४. गैरसरकारी संस्थाहरुले सञ्चालन गर्ने योजना कार्यक्रमहरुमा दोहोरोपन आउन नदिन एकै प्रकृतिका योजना कार्यक्रम सञ्चालन  गर्ने गैससहरले आपसी समन्वय गरी व्यापक छलफल पछि मात्र सञ्चालन गर्नु पर्ने ॥

५. इलाम जिल्लामा बचत संकलन गर्ने सहकारीहरुबाट हुने आर्थिक दुरुपयोगका सम्वन्धमा अनुगमन गरी नियन्त्रण गर्ने व्यवस्था मिलाउनु पर्ने ॥

६. जिल्लास्तरीय वार्षिक प्रगति समीक्षा बैठकमा प्रगति पेश गरी प्रस्तुत गर्ने सबै गैरसरकारी संस्थाहरुले आगामी आर्थिक वर्षदेखि योजना तथा कार्यक्रमहरु सञ्चानल  भएका फोटा सहित विद्युतीय माध्यमबाट प्रस्तुत गर्नु पर्ने ॥

७. गैरसकारी संस्थाहरुबाट इलाम जिल्ला जिल्लामा सञ्चालन  गरिने योजना तथा कार्यक्रमहरुमा दोहोपना आउन नदिन स्थानीय राजनैतिक दल,सरोकारवाला,कार्यालय तथा सञ्चारकर्मीहरुको उपस्थितिमा व्यापक छलफल गराई सोको निर्णय पश्चात मात्र योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने गराउने र सञ्चालन गरिएका योजनाहरु प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ॥

## मिति २०७१ साउन २८ : गाउं विकास समितिहरुको वार्षिक समीक्षा बैठक

उपस्थिति विवरण  :

| पुरुष | महिला | आदीवासी | दलित | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| ७२ | ९ | २० | ३ | ५८ | ७९ |

गाउं परिषद्बाट स्वीकृत भई आर्थिक वर्ष २०७०/०७१ मा गाउं विकास समितिहरुमा सञ्चालित विकास निर्माण,कार्यक्रम तथा बजेटका सम्वन्धमा सम्वन्धित गाउं विकास समितिका गाविस सचिवहरुबाट प्रस्तुत वार्षिक प्रगतिका सम्वन्धमा छलफल भई आगामी वर्षहरुमा योजना,कार्यक्रम तथा आन्तारिक आय बृद्धिका लागि देहाय बमोजिम गर्ने गरी सुझाव सहित समीक्षा गरियो ॥

१. ऐन नियममा तोकिएको समय सीमाभित्र सबै गाविसहरुले गाउं स्तरीय वार्षिक प्रगति समीक्षा सम्पन्न गर्नु पर्ने ॥

२. नेपाल सरकारबाट प्राप्त अनुदान कटौती हुन नदिन न्यूनतम् शर्त तथा कार्यसम्पादन मापन ( MCPM )  मूल्यांकनमा सफल हुन ऐन नियमले व्यवस्था गरे अनुसारका कार्यहरु तोकिएको समयसीमा भित्र सम्पन्न गरी अभिलेखको कार्यलाई चुस्त दुरुस्त राख्नु पर्ने । यस्तो कार्य सम्वन्धित गाविसको गाविस सचिवहरुले विशेष प्राथामिकता दिई कार्य सम्पन्न गर्नु पर्ने ॥

३.  गाउं विकास समितिको आन्तारिक आय बृद्धि गर्न स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीले प्रदान गरेको अधिकार क्षेत्रभित्रका श्रोतहरुको पहिचान गरि कर,सेवाशुल्क तोकी आन्तारिक आम्दानी बृद्धि गर्ने व्यवस्थाका लागि पहल गर्नु पर्ने ॥

४. गाउं विकास समितिहरुले आआफ्नो गाविसक्षेत्रभित्र उत्पादन हुने कृषिजन्य बस्तुहरुमा प्रयोग हुने विषादीलाई निरुसाहित गर्दै कृषकहरुलाई अर्गानिक खेती गर्ने तर्फ प्रेरित गरी कृषिजन्य बस्तुहरुलाई विषादीमुक्त बनाउनु पर्ने ॥

५. नेपाल सरकारबाट हाल जारी भएको राष्ट्रपति  चुरे संरक्षण कार्यक्रमलाई विशेष प्राथमिकताका साथ पालन गराउने व्यवस्था गर्ने ।

६. गाविसहरुले उपलब्ध गराउने सेवाप्रवाहलाई प्रभावकरी वनाउन कम्तिमा  वर्षको २(दुई) पटक एकीकृत घुम्तिसेवा सञ्चालन गर्नु पर्ने ॥

७. गाउं विकास समिति मार्फत सञ्चाल हुने लक्षित वर्गको कार्यक्रम छनौट गर्दा सम्वन्धित सरोकारवालारुको आवश्यकतालाई पहिचान गरी सोही बमोजिम सञ्चालन  गर्ने व्यवस्था मिलाउने ॥

८. पानीको मुहान, श्रोत संरक्षण तथा वातारणलाई सन्तुलन राख्नका लागि एकगाउं एक पोखरी निर्माणको कार्यलाई विशेष प्राथामिकताका साथ संचालन गर्ने  ॥

९. गाविसहरुबाट सञ्चालित विकास निर्माण लगायत अन्य कार्यक्रमहरुको प्रभावकारीरुपमा अनुगमन गर्ने व्यवस्था गर्नु पर्ने  ॥

१० . परिणामुखी योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ॥

११. आगामी वर्षदेखी गाविसरुका प्रगति प्रतिवेदन प्रस्तुत गर्दा सम्पूर्ण योजना तथा कार्यक्रमहरुका सम्वन्धमा प्रगति प्रस्तुत गर्दा सञ्चालित योजना कार्यक्रमको फोटो सहित विद्युतीय माध्यम मार्फत प्रस्तगर्नु पर्ने ।

## मिति २०७१ साउन २८ : विषयगत कार्यालयहरुको वार्षिक समीक्षा बैठक

उपस्थिति विवरण  :

| पुरुष | महिला | आदीवासी | दलित | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| ६३ | ६ | १६ | ३ | ५० | ७९ |

इलाम जिल्लाको लागि आर्थिक वर्ष २०७०/०७१ मा सञ्चालन गर्ने गरी स्वीकृत वार्षिक जिल्ला विकास योजना बमोजिम विषयगत कार्यालयल र जिल्ला विकास समितिको कार्यालय इलामबाट सञ्चालन भएका विकास निर्माण लगायत विभिन्न कार्यक्रहरुको प्रस्तुत प्रगति विवरण माथि छलफल गर्दा सो माथि देहाय बमोजिम सुझाब सहित समीक्षा गरीयो साथै आगामी आ.व.मा सञ्चालन गरिने विकास निर्माण लगायत विविध कार्यक्रमहरु प्राप्त सुझाबका आधारमा सञ्चालन गर्ने निर्णय गरियो ॥।

१. जिल्ला शिक्षा कार्यालय,इलाम ।

२. जिल्ला स्वास्थ्य कार्यालय,इलाम ।

३. महिला तथा वालवालिका कार्यालय,इलाम ।

४. घरेलु तथा साना उद्योग विकास समिति,इलाम ।

५. जिल्ला भूसंरक्षण कार्यालय,इलाम ।

६. जिल्ला वन कार्यालय,इलाम ।

७. जिल्ला वनस्पति कार्यालय, इलाम ।

८. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,इलाम ।

९. जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय डिभिजन कार्यालय,विराटनगर ।

१०. पूर्वाञ्चल सिंचाई डिभिजन कार्यालय, गैडे झापा ।

११. पूर्वाञ्चल डिभिजन सडक कार्यालय,इलाम ।

१२. जिल्ला खेलकुद विकास समिति,इलाम ।

१३. अलैचि विकास केन्द्र,पान्दाम फिक्कल इलाम ।

१४. जिल्ला कृषि विकास कार्यालय,इलाम ।

१५. जिल्ला पशुसेवा कार्यालय,इलाम ।

१६. डिभिजन सहकारी कार्यालय,इलाम ।

१७. जिल्ला प्राविधिक कार्यालय,इलाम ।

१८. जिल्ला विकास समितिको कार्यालय,इलाम ।

- जिल्ला स्वास्थ्य कार्यालयले इलाम अस्पताल लगायत प्राथमिक स्वास्थ्य केन्द्र,हेल्थपोष्टहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्नु पर्ने । स्वास्थ्य सेवा प्रदान गर्न तोकिएका कर्मचारीहरु नियमित रुपमा वसी सेवा दिनु पर्ने ।निर्माण भएका भौतिक संरचनाहरुको समुचित रुपमा प्रयोग गर्नु पर्ने साथै अस्पताल जस्तो सम्बेदनशील ठाउंमा रहेको शौचालयहरुको नियमित सरसफाई र मर्मत सम्भार गर्नु पर्ने ॥
- घरेलु तथा साना उद्योग विकास समितिबाट प्रदान गरिने तालिमहरुलाई नगरक्षेत्रभित्र मात्र सीमित नगरी सबै गाविसस्तर सम्म सञ्चालत गरी तालिम प्रदान गर्ने व्यवस्था गर्नु पर्ने ॥
- जिल्ला भूसंरक्षण कार्यालयले सञ्चालन गर्ने कार्यक्रमहरु इलाम जिल्लाको तल्लोक्षेत्रका सबै गाविसहरुलाई समेटी सञ्चालन गर्ने व्यवस्था गर्नु पर्ने ॥
- जिल्ला वन कार्यालय,जिल्ला भूसंरक्षण कार्यालय तथा जिल्ला वनस्पति कार्यालय इलामले सञ्चालन गर्ने सबै प्रकृतिका राष्ट्रपति चुरेक्षेत्र संरक्षण कार्यक्रम जस्ता कार्यक्रमहरुमा

दोहोरोपन  आउन नदिन आपसी समन्वय गरी योजना छनौट गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने । सो कार्यक्रमलाई चुरेक्षेत्रमा गाविसहरुमा विस्तार गर्दै लैजानु पर्ने र यस्ता कार्यक्रम् जलवायू परिर्वतनसंग सम्वन्धित कार्यक्रलाई थप प्रभावकारी वनाउन कार्यक्रम गर्न  सामुदायिक वन उपभोक्तासंग समेत समन्वय गरी सञ्चालन गर्नु पर्ने ।।

- खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट छनौट गरी सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरु जिल्लाका विकट स्थानहरुमा समेत सेवा पुग्ने गरी सञ्चालन गर्नु पर्ने ।।
- जिल्ला शिक्षा कार्यालयले आदिवासीजनजातिहरुको मात्रृभाषाका संरक्षण सम्वर्द्धनका लागि मात्रृभाषाका शिक्षक नियुक्ति गरी तालिमको व्यवस्था मिलाउनु पर्ने ।।
- अलैचि विकास केन्द्र फिक्कले हाल अलैचिमा देखिएको रोगको निदान गरी अलैचि उत्पादनमा कमी आउन नदिने व्यवस्थाका लागि पहला गर्नु पर्ने ।।
- इलाम नगरपालिका क्षेत्रभित्रको खानेपानी समस्यासमाधानका लागि सरोकारवाला, कार्यालयहरुले विशेष पहला गर्नु पर्ने ।।
- इलाम जिल्लाको कृषिक्षेत्रलाई विषादी मुक्त गर्न सरोकारवाला कार्यालयहरुले विशेष योजना तथा कार्यक्रम सञ्चालन गरी अर्गानिकखेती तर्फ किसानहरुलाई जागरुप बनाउनु पर्ने ।।
- जिल्ला विकास समितिको कार्यालय,इलामबाट आ.व. २०७०।०७१ को केन्द्रिय अनुदान तर्फ निर्शत तथा सर्शत अनुदान तर्फको कूल वार्षिक वजेट रु. ३७,७२,५२,१९६ मध्ये चालु तर्फ रु. १९,२४,६८,४३१।४८ र पुंजीगत कार्यक्रम खर्च तर्फ प्रशासनिक खर्च सहित रु १६,६७,११,८८७।१४ समेत जम्मा रु. ३६,००,८०,३१८।६३ खर्चको भौतिक ९३ प्रतिशत र वित्तिय प्रगति ९५ प्रतिशत भएको विवरण प्रस्तुत भई उक्त बजेत तथा खर्च  रकमको समीक्षा गरियो । त्यसैगरी आन्तारिक कोष चालु र पूंजीगत तथा अन्य विभिन्न कोषहरुको सम्वन्धमा आ.व. ०७०/०७१ को लागि प्रस्तावित कूल बजेट रु.६,७०,८६,९२९।९७ मा रु.७,७७,३७,०३०।९५ खुद आय प्राप्त भई चालु तर्फ २००६४८३५।८० र पुंजीगत तर्फ २७,६९६३५४ समेत जम्मा रु. ४७७६११८९।८० खर्च भई रु. २८९७५८४१।४५ बजेट बांकी रहेको खर्च विवरण प्रस्तुत भयो। उक्त प्रस्तुत निकासा तथा खर्चको छलफल भई जिविसको समग्र निकासा र सो अनुसारको खर्च रकम  समीक्षा गरियो ।।

उल्लेख गरिएका बाहेकका कार्यालयहरुबाट सञ्चालित गरिएका कार्यक्रमहरु सन्तोषजनक रुपमा पाइएकोे भएतापनि समय सापेक्ष कार्यक्रमहरु सञ्चालन गर्ने गराउने व्यवस्था गर्ने । आ.व. २०७०/०७१ को जिल्लास्तरीय प्रगति समीक्षा बैठकमा आआफ्नो प्रगति प्रतिवेदन पेश नगर्ने निम्न कार्यालयहरुले यथाशीघ्र समय मिलाई आआफ्नो कार्यालयमा नै राजनैतिक दल,सरोकारवाल,कार्यालय लगायत सञ्चारकर्मीहरुको उपस्थितिमा समीक्षा बैठक राखी वार्षिक प्रगति समीक्षा गराउने व्यवस्था मिलाउन पर्ने निर्णय गरियो ।

१. शहरी विकास तथा भवन डिभिजन कार्यालय,इलाम ।
२. मेची पहाडी पर्यटन  प्रवर्द्धन विकास समिति,इलाम ।
३. नेपाल विद्युत प्राधिकरण,इलाम ।
४.नेपाल टेलिकम,इलाम ।

## सामाजिक सुरक्षा कार्यक्रम सम्वन्धी

यस कार्यक्रमको लागि जम्मा रु.१३,५३,८६,०००।- बजेट प्राप्त भएकोमा रु.१३,२२,६०,५९८।- खर्च भई रु.३१,२५,४०२- बजेट बाँकी रहेको । चालु आ.व.मै तेस्रो चौमासिक निकासा रकमको गाविसबाट भत्ता वितरण गरी केही गाविसको पेश्की समेत फछ्र्यौट गरिसकेको हुँदा वित्तिय प्रगती ८५% हुन गएको छ ।

**तपसिल :-**

| आम्दानीको विवरण | | खर्चको विवरण | |
|---|---|---|---|
| कूल अरिख्तयारी | १३५३८६०००।०० | जम्मा वितरण | १३१३०१९८०।०० |
| को.ले.नि.का.बाट निकासा प्राप्त | १३२२६०५९८।०० | | |
| फ्रिज रकम | ३१२५४०२।०० | जम्मा वितरण | १३१३०१९८०।०० |

| | |
|---|---|
| जम्मा वितरण रकम रु. | १३१३०१९८०।०० |
| फ्रिज रकम रु. | ३१२५४०२।०० |
| तेश्रोबाट फिर्ता रु. | ९५८६१८।०० |
| **जम्मा रकम रु.** | **१३५३८६०००।००** |

**सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रममा निम्नानुसार संख्यात्मक आधारमा तपसिल अनुसार खर्च भएको देखिन्छ ।**

| क्र.सं. | विवरण | संख्या | प्रति महिना दर |
|---|---|---|---|
| १ | **जेष्ठ नागरिक दलित** | ९५०५ | ५००।०० |
| २ | **जेष्ठ नागरिक अन्य** | ११६१ | ५००।०० |
| ३ | **एकल महिला** | २२५८ | ५००।०० |
| ४ | **एकल विधवा** | २४४९ | ५००।०० |

| | | | |
|---|---|---|---|
| ५ | पूर्ण अशक्त अपांग | २४७ | १०००।०० |
| ६ | आंशिक अशक्त अपांग | ७० | ३००।०० |
| ७ | लोपोन्मुख आदिबासी जनजाति | ३२३० | १०००।०० |
| ८ | विपन्न दलित बालबालिका | १०८५ | २००।०० |
| कूल जम्मा | | | |

- गाउं विकास समिति,नगरपालिकागत रुपमा लक्षित वर्गको संख्यात्मक विवरण यस कार्यलयको ध्भदकष्तभ ः ममअर्षकि.नयखालउ मा राखिएको छ र जिविसको कार्यालयको पञ्जिकरण शाखामा अद्यावधिक लगत राखिएको छ ।
- गाउं विकास समिति,नगरपालिकागत रुपमा भत्ता पाएको सम्पूर्ण नागरिकहरुको नामनामेशी तथा पाएको रकमको भरपाई १ प्रति न.पा. गाउं विकास समिति र १ प्रति जिविसमा रहेको साथै न.पा. तथा गाविसलाई सार्वजकि गर्न लगाइएको र निकासाहूनसाथ स्थानीय एफ.एम.बाट समेत प्रसारण गरिएको छ ।
- आ.व. २०७०/०७१ को जिल्ला विकास समितिको जिल्ला स्तरीय वार्षिक समीक्षा गोष्ठिमा सामाजिक सुरक्षा कार्यक्रमको सम्वन्धमा व्यापक समीक्षा गरिएको छ ।

सरसफाई तथा खुल्ला दिशा मुक्त कर्यक्रम

यस कार्यक्रमको लागि लक्षित वर्ग जि.वि.स अनुदान ग्रामीण खानेपानी समेत बाट जम्मा रु ६५११६८० वजेट विनियोजित गरिएकोमा गा.वि.स. अनुदान तर्फ रु ३६००००० र सहजकर्ता गरी पारिश्रमिक मिस्त्री तालिम गा.वि.स स्तरीय अभिमुखीकरण गाविस गत तथ्याङ्ग संकलन कागत तयारी होर्डिवोड स्थापना सूचान प्रकाशन प्रशासरण दिवस संचालन तथा सहभागिता सम्मान प्रचार प्रसार सामाग्री छपाई, अभियान कार्यक्र व्यवस्पान जिल्ला तहमा सरसफाई भक्ता साझेदारी कार्यक्रम खुदिमु घोषणा तथा अनुगमन र मल्याकन समेतको लागि रु १५५७२९।४५ खर्च भई रु १३५४३८०।५५ बजेट बाकी रहेकाले लक्ष्य अनुरुप ८० प्रतिशत प्रगती भएको छ ।

यस कार्यक्रम बाट आ.व. ०६९।०७० मा २ वटा गाविस र ०७०।७१ इलाम न.पा. सहित .३३ गाविस खुल्ला दिशा मुक्त घोषणा गरी सकेको छ । ( सूर्योदय न.पा. अर्न्तगत फिक्कल गाविस घोषणा भएको)